मिति: २०८०/०३/२९

संघीय संसद सचिवालय,

राष्ट्रिय सभा, नेपाल ।

**बिषय : विद्युतीय व्यापारका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदामा दफावर सुझाब।**

हामी नेपालमा दर्ता भई सञ्चालनमा रहेका विद्युतीय व्यापार गर्ने व्यावसायीक समूह हौं । हामीले हालै राष्ट्रिय सभामा दर्ता भएको विद्युतीय व्यापार विधेयक, २०८० ("**विधेयक**") को विषयमा छलफल गर्नको लागी यस सचिवालयमा यो सुझाव पत्र पेश गरेका छौं। यस विधेयकले विद्युतीय व्यापार गर्ने व्यवसायीहरूलाई मध्यस्थ व्यवसायीको रूपमा वर्गीकृत गर्दै विद्युतीय व्यवसायीहरूलाई समर्थन गर्ने उद्देश्य राखेको छ। हालको अवस्थामा यस विधेयकको आवश्यकता भएतापनि यस विधेयकमा समावेश गरिएका केही प्रावधानहरूले बजारमा प्रवेश गर्न लागेका नयाँ स्टार्ट-अपहरूलाई निरुत्साहन गर्नका साथै व्यवसाय सञ्चालन गर्दै आएका व्यवसायी र साना तथा मझौला उद्यमहरू ("**SMEs**") लाई निरुत्साहन गरी व्यवसाय सञ्चालन गर्न कठिनाइ निम्त्याउने देखिएको छ।

यस विधेयकमा उल्लेखीत  धेरैजसो प्रावधानहरू संशोधित उपभोक्ता संरक्षण ऐन लगायत अन्य सम्बन्धित ऐनको अंश समेत हुन सक्दछन्। डाटा सुरक्षा र साइबर सुरक्षाको बारे साइबर सुरक्षा विधेयकका साथै IT विधेयक, विद्युतीय (ईलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ र वैयक्तिक गोपनीयता सम्बन्धी ऐनमा पहिला देखि नै उल्लेख गरिएको छ। साथै किर्ते र समान किसिमको मुद्दाहरुको लागि अन्य कानूनमा पनि व्यवस्था गरिएको छ। नेपाल सरकारले व्यक्त गरेको डिजिटल नेपालको अवाधाराना विपरित गई यस विधेयकले अन्य व्यापार गर्ने व्यवसाय भन्दा विद्युतीय व्यापार गर्ने व्यवसायहरुलाई बढी नियमन गर्ने भएको देखेर हामी हाम्रो निराशा यस पत्र मार्फत व्यक्त गर्दछौं। यद्यपि, यस विधेयकलाई अन्तिम चरणमा पुर्याउन सरकारले काम अगाडी बढाएको हुँदा, विद्युतीय व्यापार गर्ने उद्योगको नाताले, हामीले विधेयकको समीक्षा गरेका छौं र विधेयकमा चाहिने अत्यावश्यक संशोधनहरु तल उल्लेखित बुंदाहरुद्वारा प्रस्ताव  गर्दछौँ ।

विधेयकमा प्रस्तावित परिवर्तनहरु:

| S. N. | Section | Existing Provision | Suggested Provision | Changes required | Reasonings |
|---|---|---|---|---|---|
| 1 | दफा २ (ट) | "विद्धुतीय प्लेटफर्म" भन्नाले कम्प्युटर, मोबाइल वा यस्तै प्रकृतिका विद्धुतिय उपकरण प्रयोग गरि वेबसाइट, एप्लिकेसन, सफ्टवेर, इन्टरनेट , इंत्रानेट, लगाएतका माध्यम बाट सूचना संकलन, सम्प्रेसण, वा संग्रह गरि वस्तु वा सेवाको कारोवार गर्ने प्रयोजनको लागि बनाइएको | "विद्धुतिय प्लेटफर्म" भन्नाले कम्प्युटर, मोबाइल वा यस्तै प्रकृतिका विद्धुतिय उपकरण प्रयोग गरि वेबसाइट, एप्लिकेसन, सफ्टवेर, इन्टरनेट , इंत्रानेट **समाजिक सञ्जाल**, लगाएतका माध्यम बाट सूचना संकलन, सम्प्रेसण, वा संग्रह गरि वस्तु वा सेवाको कारोवार गर्ने प्रयोजनको लागि बनाइएको प्रणाली सम्झनु पर्छ। | Add social media commerce in the definition | - E-commerce can merely be an extension of any business. Not necessarily a separate business domain.<br>- Modify this to be more specific. This will result in FinTech, Car Dealership with online booking, Legal Services provided online, etc. to come under e-commerce as well.<br>-If websites or mobile apps are mandatory then MSMEs will not be able to invest in the tech. This cannot be an absolute requirement. Think of people running smaller businesses from home via social media. |

| | | | | | |
|---|---|---|---|---|---|
| | | प्रणाली सम्झनु पर्छ। | | | |
| 2 | दफा ५ | सूचीकरण गर्नु पर्ने...... | Remove the Provision | Remove the entire provision | What happened to the ever talked about One-Window Policy? Ease of doing business? Since it is already mentioned in the objectives of the company, why another layer of licensure? |
| 3 | दफा ११ (२ ) | व्यवसायीले नेपाल भित्र संचालित विद्धुतिय प्लेटफर्मको माध्यमद्वारा कुनै विदेशी व्यक्ति, फर्म, कम्पनि वा संस्थालाइ वस्तु वा सेवा बिक्रि गरेमा प्रचलित संघिय कानून अधिनमा रही **अग्रिम भुक्तानी पश्चात** त्यस्तो वस्तु वा सेवा निर्यात गर्न सक्नेछ। | व्यवसायीले नेपाल भित्र संचालित विद्धुतिय प्लेटफर्मको माध्यमद्वारा कुनै विदेशी व्यक्ति, फर्म, कम्पनि वा संस्थालाइ वस्तु वा सेवा बिक्रि गरेमा प्रचलित संघिय कानून अधिनमा रही त्यस्तो वस्तु वा सेवा निर्यात गर्न सक्नेछ। | **remove अग्रिम भुक्तानी पश्चात** | The payment terms are dictated by the agreement with the client and should not be dictated by the government. The brand value of a company will determine if the client is willing to pay the total amount in advance or upon delivery. Let's think of this from the perspective of Outsourcing Services. |
| 4 | दफा १४ | **मध्यस्थ व्यवसायीको दायित्व**<br><br>ग) बिक्री भएको वस्तु वा सेवाको वारेण्टी वा ग्यारेण्टी भएमा उल्लिखित अवधिसम्म त्यस्तो वारेण्टी वा ग्यारेण्टीको शर्त पालना गर्ने, | ग) बिक्री भएको वस्तु वा सेवाको वारेण्टी वा ग्यारेण्टी भएमा उल्लिखित अवधिसम्म त्यस्तो वारेण्टी वा ग्यारेण्टीको शर्त पालना **गर्न सहजीकरण** गर्ने, | add गर्न सहजीकरण | - Intermediary business should not be liable for maintenance but shall facilitate the maintenance of the guarantee and warranty of goods or services on the platform.<br>- Example for clarification, Daraz is similar to a mall where various sellers come and go upon their convenience. Keeping track of all the transactions is not practical. |
| 5 | दफा १६ | **बिक्रेताको दायित्व**<br><br>(क) विद्युतीय प्लेटफर्मको माध्यमबाट वस्तु वा सेवाको बिक्रीको लागि मध्यस्थ व्यवसायीलाई त्यस्तो वस्तु वा सेवा उपलब्ध गराउनुअघि त्यस्तो व्यवसायीसँग **लिखित रुपमा** करार गर्नु पर्ने, | (क) विद्युतीय प्लेटफर्मको माध्यमबाट वस्तु वा सेवाको बिक्रीको लागि मध्यस्थ व्यवसायीलाई त्यस्तो वस्तु वा सेवा उपलब्ध गराउनुअघि त्यस्तो व्यवसायीसँग करार गर्नु पर्ने, | to remove **लिखित रुपमा** | - Mandatory provision of "written agreement" is very restrictive and not practical.<br>-In the 21st era when banks and financial institutions promote and conduct transactions digitally, restricting E-commerce business to form a contract in written form is not practical. |

| | | | | | |
|---|---|---|---|---|---|
| 6 | दफा २३ | **सजाय**<br><br>दफा २१ को खण्ड घ बमोजिमको कसूर गर्नेलाई **दुई वर्षदेखि तीन वर्षसम्म कैद वा** तीन लाखदेखि पाँच लाख रुपैँयासम्म जरिवाना **वा दुवै सजाय** हुनेछ। | २३ दफा २१को खण्ड घ बमोजिमको कसूर गर्नेलाई **दश हजारदेखि पाँच लाख रुपैँयासम्म** जरिवाना हुनेछ। | to replace by दश हजारदेखि पाँच लाख रुपैँयासम्म जरिवाना<br>to remove imprisonment<br><br>Monetary Fine Only | - Need to reduce the punishment bar as punishment for not complying with warranty and guarantee is 2 to 3 years of imprisonment and fine from 3 lakhs upto 5 lakhs whereas punishment for not listing/registering in the E-Commerce portal is only NPR 10,000 to NPR 50,000.<br>- Imprisonment in different situations is already stated in the Consumer Protection Act so it is not required to be stated in this Bill. |
| 7 | ३३ (६) | व्यवसायीले यस दफा बमोजिम गुनासो व्यवस्थापनको लागि विद्धुतिय प्रणालीमा आधारित संयन्त्र (अनलाइन रिड्रेसल मेकानिज्म) को विकास गरि लागु गर्न **पर्नेछ**। | व्यवसायीले यस दफा बमोजिम गुनासो व्यवस्थापनको लागि विद्धुतिय प्रणालीमा आधारित संयन्त्र (अनलाइन रिड्रेसल मेकानिज्म) को विकास गरि लागु गर्न **सक्नेछन तर बाध्यकारी हुने छैन।** | To remove **पर्नेछ**।<br><br>To add **सक्नेछन तर बाध्यकारी हुने छैन।** | Enforcing to develop webapps, mobile apps and online Redressal Mechanism System will only add further burden to the MSMEs and people running business from their home. |

यो विधेयक यथास्थितिमा पारित भयो भने, यसले धेरै नयाँ तथा पुरानो उद्‍मी र साना तथा मझौला उद्यमीहरूलाई व्यवसाय सञ्चालन गर्नलाई निम्न कारणले गर्दा निरुत्साहन गर्नेछ:

- दर्ता प्रक्रिया जटिल हुनेछ र धेरै नियामक निकायहरू संलग्न हुनेछन्।
- व्यवसायहरुलाई प्लेटफर्ममा आफ्नो सामान सुचिकृत गर्न धेरै कठिन प्रक्रियाहरु अपनाउनु पर्नेछ।
- अरूको गल्तीको लागि मध्यस्थ व्यवसायी उत्तरदायी हुनेछन्। उदाहरण, विक्रेताले सामानको वारेन्टी र ग्यारेन्टी प्रदान नगरेमा समेत मध्यस्थ व्यवसायलाई ठूलो जरिवानाको लागि उत्तरदायी बनाईनेछ।
- हजारौं विक्रेताहरूसँग लिखित करारमा हस्ताक्षर गर्नु व्यावहारिक हुनेछैन र व्यवसाय सञ्चालन गर्दै आएका व्यवसायीहरूको लागि असम्भव हुनेछ। यो नेपाल सरकारको डिजिटल नेपालको अवाधारणा तथा विभिन्न अन्य कानूनको बिपरित हुनेछ ।

हामी यहाँको सकारात्मक कदमको अपेक्षा गर्दछौं ।

**Prepared by Daraz + Hamrobazar + MeroAdda + Oho Cakes + Pathao**